Perspectives on Higher Education, Vol., 15(1), January 2025, pp. 207-214, ISSN: 2542-2707, https://doi.org/10.3126/phe.v15i01.81013

# 'भिनाजुको स्वेटर' कथाका पात्रको मनोविश्लेषणात्मक अध्ययन

**सहप्रा.डा. कुश्मिला आचार्य**
नेपाली शिक्षा, त्रि.वि., कीर्तिपुर
acharyakushmila@gmail.com
**Received Date:** October 20, 2024; **Reviewed Date:** Nov. 19, 2024
**Accepted Date:** Dec. 25, 2024

## लेखसार

*प्रस्तुत लेख 'भिनाजुको स्वेटर' कथाका पात्रको मनोविश्लेषणात्मक अध्ययनमा केन्द्रित रहेको छ । यसमा शान्ति, सविता र सविताको भिनाजु पात्रको मोविश्लेषणको चिरफार गरिएको छ । यो लेखमा गुणात्मक विधिको उपयोग गरिएको छ । मनोविश्लेषणलाई मुख्य सैद्धान्तिक आधारका रुपमा लिएर प्रस्तुत लेखलाई सम्पन्न गरिएको छ । दिदी-बहिनीमा हुने सहजात विकर्षण अर्थात् ओडिपस र इलेक्ट्रा ग्रन्थिलाई पनि यहाँ सामान्य रूपमा देखाइएको छ । सविताले भिनाजुलाई स्विटर बुन्नु र भिनाजुप्रति स्वाभाविक आकर्षण पनि मनोग्रन्थिकै अभिव्यक्ति हो । यस कथामा मुख्यतः शान्तिको मनोअवस्थालाई देखाउनु नै प्रमुख लक्ष्य रहेको छ । आफ्नो एकलौटी लोग्नेसँग आफ्नै बहिनीको सामान्य सान्निध्यले पनि यत्रो प्रभाव पार्दछ र मनोजगत्मा हलचल मचाउँछ भन्ने कुरा यहाँ देखाइएको छ । चेतनमनले नियन्त्रण गर्न खोज्दा र गरेका व्यवहारले शान्तिको अचेतनको हलचललाई व्यक्त गर्दछ । अनायासै रूपमा शान्ति सविताप्रति असहिष्णु देखिन्छे र सविताको शान्त, सौम्य र सुन्दर मनोरचनाको प्रतिबिम्बन स्वरूप स्विटरलाई च्यातेर आफ्नो अचेतनलाई प्रकट गर्दछे साथै सविताको मनलाई बिथोलिदिन्छे भन्ने निष्कर्ष निकालिएको छ । पात्रहरूको मनोदशालाई मनोविश्लेषणको पद्धतिबाट विश्लेषण गर्ने अनुसन्धानकर्तालाई यस लेखले सहयोग पुग्ने कुरामा विश्वास गरिएको छ ।*

**प्रमुख शब्दावली** : जीवनवृत्ति, पितृरति, मनोग्रन्थि, मातृरति, मानसिक द्वन्द्व ।

## विषयपरिचय

पोषण पाण्डे (१९८६-२०४८) आधुनिक नेपाली कथाको मनोवैज्ञानिक धाराका कथाकार हुन् । विश्वेश्वरप्रसाद कोइरालाद्वारा प्रवर्तित मनोवैज्ञानिक कथाधारालाई आत्मसात् गर्दै त्यसलाई विकसित गर्न पाण्डेको महत्त्वपूर्ण भूमिका रहेको छ । यिनका तीनवटा कथासङ्ग्रहहरू *आँखीझ्याल (२०२१), मानस (२०२५) र हिउँमा परेका डोबहरू (२०३३)* छन् । यी सङ्ग्रहहरूमा सङ्गृहित कथाहरूमा मानिसका कुण्ठा, निराशा, यान्त्रिकता जस्ता मानसिक अवस्थालाई देखाइएको छ । सामान्य परिवेश र सहज वातावरणका माध्यमबाट विशिष्ट मनोरचना एवम् असामान्य मनोदशमा केलाउनु पाण्डेका कथाहरूको मनोवैज्ञानिक वैशिष्ट्य हो । सामान्य किसिमका बाह्य घटनाको प्रस्तुतिद्वारा जटिल मनोग्रन्थिलाई फुकाइने हुँदा यिनका कथाहरू मनोविश्लेषणात्मक छन् । मान्छेका अचेतन तहमा

रहने दमित मानसिकतालाई सहजै उद्घाटन गर्नका निम्ति व्यावहारिक बिम्ब-प्रतीकको सहारा लिइएको पाइन्छ । पोषण पाण्डेद्वारा लिखित *'भिनाजुको स्वेटर'* कथाका पात्रहरूको मानसिक अवस्था कस्तो छ भनेर केलाउनु नै यसको मुख्य समस्या हो र यहाँ मनोविश्लेषण सिद्धान्तका आधारमा विवेच्य कथाका प्रमुख पात्रहरूको मनोअवस्था केलाउने उद्देश्य राखिएको छ । प्रस्तुत अनुसन्धानमूलक लेखको उद्देश्य 'भिनाजुको स्वेटर' कथाका पात्रको मनोविश्लेषणात्मक रुपमा अध्ययन र विश्लेषण गर्नु रहेको छ । यसरी कथाका पात्रको मनोविश्लेषणात्मक पक्षलाई आधार मानेर विश्लेषणात्मक अध्ययन गर्नु यस नाटकको उल्लेख्य पक्ष रहेको छ । कथाका अन्य पक्षबाहेक पात्रहरुको मनोवैज्ञानिक पक्षहरुको मात्र अध्ययन गर्नु यस लेखको सीमितता हो । प्रस्तुत लेख गुणात्मक प्रकृतिको रहेको छ । सामाग्री सङ्कलनको प्राथमिक र द्वितीयक स्रोतमध्ये द्वितीयक स्रोतका सामग्रीको उपयोग गरिएको छ । पुस्तकालयको प्रयोग गरी विभिन्न सन्दर्भ पुस्तक, जर्नल, अनुसन्धानमूलक लेख, पत्रपत्रिका आदिको उपयोग गरी वर्णनात्मक, विश्लेषणात्मक र तुलनात्मक रूपमा विश्लेषण गरिएको विषयको निष्कर्ष निकालिएको छ ।

## मनोविश्लेषणको सैद्धान्तिक परिचय

मनोविश्लेषण सिद्धान्तका प्रवर्तक सिग्मन्ड फ्रायड (सन् १८५६–१९३९) हुन् । पेसाले चिकित्सक रहेका फ्रायडले मानवीय मनका अनेक तहहरूको खोजी र मनोग्रन्थिहरूको व्याख्या विश्लेषण गरेका छन् । चिकित्सा क्षेत्रबाट आएको मनोविश्लेषणको अर्थ आज आएर खोज प्रविधि, मनश्चिकित्सापद्धति र मनोविज्ञानको सिद्धान्त भन्ने रहेको छ (भण्डारी, २०५६, पृ. १२) । फ्रायडका अनुसार हाम्रा अधिकांश क्रियाहरू मनोवैज्ञानिक शक्तिहरूद्वारा परिचालित हुन्छन् जसमा हाम्रो थोरैमात्र नियन्त्रण रहन्छ (गुरिन र अन्य, सन् १९९९, पृ. १२७) । मानवमनलाई गत्यात्मक र आकारात्मक दुवै दृष्टिले विभाजन गर्दै गत्यात्मक दृष्टिले इदम्, अहम् र उच्चाहम्का रूपमा विभाजन गरिएको छ । यसरी नै आकारात्मक दृष्टिले चेतन, अवचेतन र अचेतन गरी तीन किसिमको देखाइएको छ । पानीमा डुबेको हिउँको ठूलो हिस्सा जस्तै मानवमनको ठूलो भाग चेतन तहको भित्री गहिराइमा रहेको हुन्छ भन्दै त्यसभित्र अचेतन तहको महत्त्वलाई फ्रायडद्वारा जोड दिइएको छ ।

मनोविज्ञान र मनोविश्लेषण-सिद्धान्तबिच भिन्नता के छ भने मनोविज्ञानले जस्तो चेतनमात्रको अध्ययन नगरेर मनोविश्लेषण सिद्धान्तले मानवमनको अचेतन तहको अध्ययनमा जोड दिएको छ ( पाण्डेय, सन् १९६५, पृ. ९) । मनोविश्लेषण सिद्धान्तले मानवमनका विभिन्न पाटाहरूलाई विश्लेषण गरेर मनोजगत्का प्रच्छन्न कुरा खोतलेको पाइन्छ । विशेष गरेर यसले जीवनमूल प्रवृत्ति र मृत्यु मूल प्रवृत्तिजस्ता मानवका मूल प्रवृत्तिहरूलाई केलाएको छ । जीवनमूल प्रवृत्ति भनेको मानिसमा रहने जिजीविषा र त्यसका कारणहरू खोतल्दै मानवमनमा जीवनमूल प्रवृत्ति (एरोस) रहेको हुन्छ जुन प्रेम, अनुराग, आकर्षण, मैत्री, आसक्ति आदिको प्रतीक हो (भण्डारी, २०५६, पृ.: २२) । यसै प्रवृत्तिद्वारा मानव समाजमा प्रेम भाव व्यक्त गर्दछ र यो प्रेम अवस्था र परिवेशअनुसार विभिन्न रूपमा देखापर्दछ । मातृवात्सल्य, पितृप्रणय, भातृप्रेम, मैत्री सबै यही जीवनमूल प्रवृत्तिकै अभिव्यक्ति हुन् । यसलाई कामवासना र अहम्बोध दुवै प्रवृत्तिका रूपमा लिइएको पाइन्छ (कोलमेन, सन् २००५, पृ.

२५०-२५१) । मृत्युमूल प्रवृत्ति भनेको मानिसमा जिजीविषाको मूलप्रवृत्ति जस्तै प्रवृत्ति हो र उसमा मृत्युमूल प्रवृत्ति पनि रहेको हुन्छ । यसले जीवनलाई मृत्युतर्फ प्रेरित गर्दछ । यो विध्वंसात्मक हुन्छ । मानिसमा जीवनमूल प्रवृत्ति र मृत्युमूल प्रवृत्ति दुवै रहने हुनाले यिनको अनवरत द्वन्द्व चलिरहेको हुन्छ । यस प्रवृत्तिको अन्तिम लक्ष्य जहिले पनि सजीवलाई निर्जीवमा पुऱ्याउनु रहेको हुन्छ (हल, सन् १९७९, पृ. ५८) । मानिसमा रहने जीवनमूल प्रवृत्ति र मृत्युमूल प्रवृत्तिकै द्वन्द्वमा निर्माणात्मक र विनाशात्मक कार्यहरू उत्पन्न हुन्छन् । त्यसैले जीवनमूल प्रवृत्तिले हामी निर्माणको भावना र प्रेम उत्पन्न गर्छ भने मृत्युमूल प्रवृत्तिले विनाशको भावना र घृणा उत्पन्न गर्दछ । मानिसमा जीवनमूल प्रवृत्तिद्वारा सञ्चालित व्यवहार सँगसँगै मृत्युमूल प्रवृत्तिद्वारा प्रेरित व्यवहार पनि विद्यमान रहन्छन् ( भण्डारी, २०५६, पृ. २८) । यी दुई मूल प्रवृत्तिको विश्लेषणसँगै फ्रायडद्वारा मनका विभिन्न स्वरूपको पनि व्याख्या विश्लेषण गरिएको छ । इदम्, अहम् र उच्चाहम् पनि फ्रायडद्वारा प्रतिपादित मान्यता हो । इदम् (इद), अहम् (इगो) र उच्चाहम् (सुपरइगो) एवम् चेतन, अवचेतन र अचेतनका स्वरूप, कार्य र तिनले मानवीय व्यवहारमा पार्ने अनेक असरहरूलाई राम्ररी विश्लेषण गरिएको छ ।

फ्रायडका अनुसार इदम् जीवनशक्ति (लिविडो) को भण्डार हो, यसलाई सबै मानसिक शक्तिको प्राथमिक स्रोत मानिन्छ र यसको कार्य जीवनका आधारभूत कुराको परिपूर्ति गर्नु हो जसलाई फ्रायडले आनन्दको सिद्धान्तका रूपमा लिएका छन् (गुरिन र अन्य, सन् १९९९, पृ. १२९) । यसलाई तनावबाट मुक्त गर्ने सिद्धान्तका रूपमा पनि लिइएको पाइन्छ किनभने तनाव दुःख र बेचैनको अनुभव हो भने यसबाट मुक्ति आनन्द र सन्तुष्टिको अनुभव हो (हल, सन् १९९७, पृ. २२) । यसरी हेर्दा इदम् जीवनको मूल शक्ति र इच्छाआकाङ्क्षाको मुख्य स्रोतका रूपमा देखापर्दछ । यसले हाम्रा सम्पूर्ण चाहनालाई भोग गर्न चाहन्छ जसलाई सामाजिक मर्यादा, नैतिक बन्धन जस्ता कुराले दिँदैनन् । मानिसका अनेक चाहनाहरूको भण्डारका रूपमा इदम् चिनिन्छ र यो मनको दमित भाग वा पानीमा डुवेको हिउँ जस्तो भाग हो । इदम्का चाहनाहरूलाई रोकेर सामाजिक रूपमा सुरक्षित गर्ने मनको अर्को भाग इगो हो । यसले व्यक्तिका चाहना र सामाजिक मर्यादालाई समन्वय गराउँछ । यसलाई मनको तार्किक र शासक प्रतिनिधि मानिन्छ (एल. गुरिन र अन्य, सन् १९९९, पृ. १३०) । यद्यपि अहम्को आफ्नै शक्ति छैन र यो इदम् र उच्चाहम् (सुपरइगो) को बिचको मध्यस्थ रूप हो र यसले यी दुईबिच रहेर दुवैलाई सामाजिक र मानवीय बनाउने काम गर्दछ । उच्चाहम् मानिसमा रहने पूर्ण चैतन्य अवस्था हो र यो इदम्को पूर्ण नियन्त्रक शक्ति हो । यसलाई केटाकेटीलाई डर देखाउने र दण्डित गर्ने अभिभावकका रूपमा लिइएको पाइन्छ । यो एउटा नैतिक र सामाजिक उच्च अहम् हो जुन साधारण मानवीय अवस्थाभन्दा माथि उठ्न खोज्दछ ।

चेतन, अवचेतन र अचेतन गत्यात्मक दृष्टिले विभाजित मनका इदम्, अहम् र उच्चाहम् जस्तै आकारात्मक दृष्टिले विभाजित चेतन, अवचेतन र अचेतन तहलाई पनि यस सिद्धान्तद्वारा विश्लेषण गरिएको छ । मानवीय चेतन मन सारै थोरै मात्र हुन्छ । यसैद्वारा बाह्य व्यवहार सञ्चालित हुन्छ । यो पानीमाथि तैरिने हिउँको सानो दृश्य अंशजस्तो मात्र हो । मानिसको मनको सबैभन्दा ठूलो अंश अचेतन तह हो । यसमा अनेक स्मृतिहरू सञ्चित हुन्छन् र यी समय र परिवेश पाएर स्वतः प्रकट

हुन्छन् (भण्डारी, २०५६, पृ. ४१) । अवचेतन मन चेतन र अचेतनको बिचको भाग हो । यसमा पुनः स्मरण हुन सक्ने स्मृतिहरू सञ्चित हुन्छन् । यसरी फ्रायडद्वारा मनोवृत्ति, मनको संगठन र विभिन्न ग्रन्थिहरू विश्लेषण गरिएका छन् । मनका यिनै विविध पक्षको विश्लेषण गरेर अप्रकट मानसिक अध्ययनलाई तार्किक र वैज्ञानिक ढङ्गले विश्लेषण गर्नु मनोविश्लेषण सिद्धान्त हो । यद्यपि मानिसका बोली, व्यवहार र हाउभाउबाट उसका मानसिक अवस्थाहरू अभिव्यक्त भइरहेका हुन्छन् तर तिनैलाई परिपुष्ट तर्कद्वारा सैद्धान्तिक रूप दिने काम फ्रायडद्वारा भएको छ । फ्रायडद्वारा प्रतिपादित यस सिद्धान्तलाई युङ, एड्लर आदिद्वारा अझ विस्तारित गरिएको छ ।

पितृरति ग्रन्थि, मातृरति ग्रन्थि र हीनताग्रन्थि पनि  मनोविज्ञानमा अत्यधिक प्रचलित छन् र यी ग्रन्थिले मानवीय मनोरचनालाई देखाउँछन् । फ्रायडद्वारा मानव विकासका क्रममा विभिन्न यौन विकासका चरणहरूलाई पनि देखाइएको छ । विशेष गरेर बालकले आमालाई बढी माया गर्छ र उसले स्नतपान गर्दा पनि यौनसुख प्राप्त गर्दछ भन्ने मान्यतामा पितृरति ग्रन्थि र मातृरति ग्रन्थिको चर्चा गरिएको छ । यद्यपि फ्रायडले यौन वासना (सेक्सुअल इन्स्टिक्ट) लाई व्यापक अर्थमा लिएका छन् । यसलाई यौवनको रतिसुखका अर्थमा मात्र नलिएर उमेरका विभिन्न अवस्थाका सुखका रूपमा लिइएको पाइन्छ (हल, सन् १९७९, पृ. १०२) । पितृरति ग्रन्थिले बाबु-छोरीको आकर्षण र मातृरति ग्रन्थिले आमा-छोराको आकर्षणलाई देखाउँछ । अझ यी ग्रन्थिले विपरीत लिङ्गीप्रतिको आकर्षण र समलिङ्गीप्रतिको विकर्षणलाई पनि सङ्केत गरेको पाइन्छ (कोलमेन, सन् २००५, पृ. ५०६) । यसरी बाल्यावस्थादेखि नै विकसित पितृप्रणय र मातृप्रणय जस्ता ग्रन्थिहरू पछि गएर विपरीत लिङ्गीय प्रेममा रूपान्तरण हुन पुग्दछ । यसरी नै मानिसमा हीनता ग्रन्थि हुन्छ भन्ने कुरा अल्फ्रेड एड्लरले बताएका छन् । जुन दमित डर र रोषबाट अभिव्यक्त विचारहरूको ग्रन्थिका रूपमा स्विकारिन्छ ( कोलमेन, सन् २००५, पृ. ३६४) ।

## परिणाम र विमर्श

पोषण पाण्डेद्वारा लिखित प्रस्तुत कथामा तीन पात्रहरूको उपस्थिति देखिएको छ । यसको प्रमुख पात्र शान्ति हो । उनकी बहिनी सविता र लोग्ने भिनाजु दुवै पात्र शान्तिको मनलाई उघार्ने महत्त्वपूर्ण माध्यम हुन् । नेपाली समाजको साँगुरो यौन सम्बन्ध र त्यसलाई अझ सशङ्कित र कलङ्कित गर्ने साली-भेनाको सम्बन्ध यस कथाको वस्तुश्रोत भएर देखापरेको छ । यस कथामा साली-भेनाको सामाजिक सम्बन्ध र त्यसले पार्ने व्यवहारिक कठिनाइलाई देखाउनु प्रमुख उद्देश्य रहेको छैन बरु त्यस प्रकारको घटनावृत्तद्वारा मनोजगत्मा के-कस्ता हलचल र परिस्थिति सिर्जना हुन पुग्छन् त्यसलाई उद्घाटन गर्नु कथाको मुख्य उद्देश्य हो । सविता र भिनाजुको साहचर्यले शान्तिमा ईर्ष्या, मृत्युबोध, हीनत्वजस्ता मानसिक पक्षहरू प्रकट भएका छन् । यिनै मानसिक पक्षहरूलाई केलाउँदै पात्रका मनोदशालाई तल विश्लेषण गरिएको छ :

## शान्ति पात्रको मनोविश्लेषण

शान्ति 'भिनाजुको स्वेटर'  कथाकी मुख्य पात्र हो र शान्तिमा सविताको उपस्थितिले मृत्युशक्ति जागृत गरेको छ । कथाको प्रारम्भमा नै सविता उफ्रिँदै आउनु र सिनेमा हेर्न जाने प्रस्ताव राख्ता "जान्न भन्दे जा" भन्नु आफैँमा जीवनशक्तिको ह्रास र मृत्युशक्तिको उदयका रूपमा लिन सकिन्छ । सविताका मुखबाट शान्तिमा निरसता भएको, रसरङमा पटक्कै चाख नलिएको जस्ता कुरा प्रकट गराएर शान्तिमा जिजीविषाको गतिभन्दा पनि मृत्युको स्थिरताले घेरेको देखाइएको छ । दुबोबाट

खसेको शीतको थोपा झैँ शान्तिको चेहेराबाट खुशी खस्नु, ऐनामा हेरेर कपाल कोर्दै गर्दा बुढी भएजस्तो लाग्नु र त्यतिखेरै सविता आएर “कपाल पनि फुलेछ” भन्नु जस्ता कुराले शान्तिको जीवनगति मृत्युतिर धकेलिँदै गएको देखाइएको छ । मेलामा पुगेर घुमिरहेको रोटेपिङमा चढ्न सविताद्वारा राखिएको प्रस्तावलाई अस्वीकार गर्नु र रिङटा लागेको बहाना गर्नु पनि मृत्युन्मुखताकै अभिव्यक्ति हुन् । रोटेपिङ जीवनको रसरङको प्रतीक हो जसमा चढेर जीवनभोगको रस लिने इच्छा शान्तिमा मरिसकेको छ । यसै गरी सविताद्वारा बुनिएको सुइटरमा भएको फूल मन नपराउनु पनि जीवनप्रतिको वितृष्णा नै मानिन्छ किनभने धेरै साहित्यकारहरूले फूललाई जीवन, यौवन, हाँसो-खुसीका रूपमा लिएका छन् तर त्यसप्रतिको वितृष्णाले शान्तिमा मृत्युशक्तिको जागरण भएको देखाउँछ ।

शान्तिमा मृत्युशक्तिको यथार्थ र वास्तविक रूपमा प्रकट त्यतिखेर हुन्छ जब ऊ सविताले भिनाजुका निम्ति भनेर बुनेको सुइटर च्यात्न थाल्दछे । मृत्युशक्तिको चरित्र नै विध्वंसात्मक हुन्छ भनेर माथि उल्लेख गरिसकिएको छ । स्वेटर एउटा जीवनसँग गाँसिने प्रतीकात्मक वस्तु हो । त्यसलाई उघारेर शान्तिले आफ्नो मनमा हुँडलिएको व्यग्रता, चिन्ता, सविताप्रतिको ईर्ष्याजस्ता पक्ष प्रकट गरेकी छे । यी पक्षहरू मनोजगत्मा देखिने मृत्युशक्तिको परिचायक व्यावहारिक रूप हुन् । शान्तिमा मृत्युशक्तिले पूर्ण रूपले आधिपत्य जमाएको छैन, उसमा जीवनशक्तिले मृत्युशक्तिलाई पराजित गर्न द्वन्द्व गरिरहेको पनि छ । सिनेमा हेर्न नजाने भनेर अन्त्यमा जानु, मुखमा पाउडर दलेर राम्रो देखिने प्रयास गर्नु, सविता र भिनाजुले पिङ खेल्दा साँच्चै नै रिङटा चल्नु र ग्लानि हुनु, भिनाजुलाई अर्को स्वेटर बुनिदिने भाव प्रकट गर्नु जस्ता सकारात्मक वृत्तिहरूले शान्तिभित्र जीवन र मृत्युशक्ति बिच द्वन्द्व चलेको छ । यहाँ सवितालाई राम्री देखाएर जीवनशक्तिको रूपमा प्रस्तुत गरिएको छ । उसमा अबोधता हुनु, सिनेमा हेर्ने रहर हुनु, पिङ खेल्ने इच्छा हुनु र पिङ खेल्नु, स्वेटर बन्नु यी यावत् क्रियाकलापहरू निर्माणात्मक छन् र यिनले जिजीविषा शक्तिलाई जागरण गरेका छन् । शान्तिमा मृत्युशक्तिको उदय र सवितामा जीवनशक्तिको उदय गराउनका निम्ति बिचमा भिनाजुको तटस्थ उपस्थिति रहेको छ । यसरी कथामा प्रमुख पात्र शान्तिमा जीवनशक्तिको ह्रास र मृत्युशक्तिको उदयको अवस्थालाई देखाइएको छ । यसका लागि सविताको उपस्थिति र भिनाजुको सान्निध्य महत्त्वपूर्ण रहेको छ ।

सविताको जीवनशक्तिको सापेक्षमा शान्तिको मृत्युशक्ति व्याख्येय छ । जीवनशक्तिले जीवनको बाँच्ने आशालाई र मृत्युसक्तिले जीवनको निराशालई प्रकट गर्दछ । सविताको उदीयमान यौवन र शान्तिको प्रौढतातर्फको अभिमुखीकरण दुवै जीवनमा देखिने जीवन र मृत्युको परिचयात्मक अवस्था हो । पाण्डेले जीवनमा देखिने यस शाश्वत वृत्तिलाई कथाका माध्यमद्वारा व्यक्त गरेका छन् । मानवमनमा जीवन र मृत्युको द्वन्द्व चलिरहन्छ र निश्चित समयसम्म जीवनशक्तिको विजय हुन्छ र एक दिन वा कुनै क्षणमा मृत्युशक्तिको विजय हुन्छ । शान्तिमा मृत्युशक्तिका लक्षणहरू देखापरे पनि सिनेमा हेर्न जानु, आभूषण-पाउडर आदिले सुसज्जित हुनु, पिङ नखेल्दा ग्लानि हुनु, भिनाजुलाई अर्को स्वेटर बुनिदिने भाव जागृत गर्नुजस्ता पक्षले मृत्युशक्ति माथि जीवनशक्तिको विजय देखाइएको छ ।

शान्तिमा हीनता ग्रन्थिले पनि वास गरेको छ । सविताको सौन्दर्य र आफ्नो ढल्किँदो यौवनावस्थाले उसमा हीनता सिर्जना गरेको छ । आफ्नो लोग्नेसँग सविताको हिमचिमले उसको हीनत्वलाई अझ विकसित तुल्याएको छ । “सिनेमा हेर्न जाने प्रस्ताव कसले गरेको हो” भनेर शङ्का गर्दै एउटै प्रश्नले सविता र लोग्नेको मनलाई शान्तिले चिरफार गर्न खोजेकी छे । लोग्नेको सालीतर्फको आकर्षणले उसमा हीनत्व थप गरेको छ त्यसैले ऊ ऐनामा आफूलाई बुढी भएको महसुस गर्छे । अझ सविताले फुलेको कपाल हातमा राखिदिँदा उसको बेचैन मानसिकताले प्रतिशोध लिन चाहेको छ तर

सवितामा त्यसको प्रतिशोधात्मक कुरा केही पनि राखिदिन नपाउँदा ऊ अझ क्षुब्ध बनेकी छे । उसमा रहेको हीनताबोध आफूले पतिलाई रिझाउन नसकेको भावबाट पनि प्रकट भएको छ । सिनेमा हेर्न मेलामा गए पनि लोग्नेसँग हेलिएर हिँड्न नसक्नु, लोग्ने र सवितासँग बिछोडिनु, सविताले भिनाजुको प्रशंसा गर्दा उसमा गुप्त ईर्ष्या भड्किनु जस्ता पक्षले उसमा रहेको आन्तरिक व्यक्तित्व र हीनत्व पक्षको बोध हुन्छ । उसको हीनग्रन्थिलाई बढाउनका लागि र उसको अन्तर्मुखी प्रवृत्तिलाई अझ सशक्त बनाउन सविताका रूपरङ्ग र बहिर्मुखी चञ्चले प्रवृत्ति पनि महत्त्वपूर्ण कारक बनेका छन् ।

सविताका ठूलाठूला गाजलु आँखा, सेतो नैनसुतको सुरुवाल, बुट्टैबुट्टा भएको सिल्कने घाँघर, गुलाबी गाला र टम्म पुष्ट जिउको वर्णनले स्वाभाविक रूपमा शान्तिको हीनत्वलाई अझ हीन बनाउन सहयोग गरेको छ । यस किसिमको हीनताग्रन्थिको रोगले ग्रसित शान्ति अन्तर्मुखी बन्दै जान्छे र बाह्य सामाजिक मर्यादाको मुकुण्डो ओढेर आफ्नी बहिनीको चञ्चलता र लाडेपन देखेर उसलाई माया लाग्छ । यो उसको सामाजिक मर्यादाको आवरण हो जसलाई एकहदसम्म सहेर अन्त्यमा सुइटर उधारेर शान्ति आफ्नो कुण्ठित मनलाई व्यक्त गर्न पुग्छे । शान्तिको हीनत्वले जन्माएका कुण्ठाहरू ठाउँ-ठाउँमा व्यक्तिए पनि सुइटर उधारेर समग्र मनोग्रन्थि फुकाइएका छन् । यसबाट शान्तिमा रहेको मर्यादाको आवरण (पर्सोना), उसभित्र हीनत्व ग्रन्थिले जन्माएका दमित चाहनाहरू एकैसाथ सुइटरसँगै उध्रिएका छन् र शान्तिको हीनत्वग्रन्थिको प्रस्फुटन भएको छ ।

पात्रका अचेतन तहका अभिव्यक्तिलाई कथाकारद्वारा सहज ढङ्गले खोतल्ने काम भएको छ । शान्तिका चेतन र अचेतनका व्यवहार एवम् अभिव्यक्ति कथामा देख्न सकिन्छ । सवितालाई अबोध बहिनीका रूपमा माया गर्नु पर्ने सामाजिक व्यवहार उसको चेतन तहका प्रकट रूप हुन् । सविताको चञ्चल केटाकेटीपनप्रति शान्ति मायालु देखिन्छे । बाह्य रूपमा हेर्दा शान्तिले सविताप्रति एउटी दिदीले बहिनीप्रति निभाउने भूमिका निर्वाह गरेकी छे । उसको अन्तरमनमा भने सविताको बढ्दो उमेरको रङ्गले गर्दा ईर्ष्या भाव उत्पन्न गरेको छ । जसलाई दबाउनका निम्ति शान्तिले प्रयास गरेकी छे तर उसको अचेतनको प्रबलताले त्यसलाई दबाउन असफल देखिएकी छे । शान्तिको मानसिकतालाई देखाउन कथाकारद्वारा माकुराको जालोका बुनोटलाई उपमानका रूपमा प्रस्तुत गरिएको छ । सविताको चञ्चले स्वभाव र उसले दिदीप्रति बोलेका र गरेका व्यवहारले शान्तिको अचेतन अझ आक्रोशित बन्न पुगेको छ । सविताले आफ्नो फुलेको कपाल हातमा राखिदिँदा त्यसको उत्तरमा केही दिन नपाउनु, भिनाजुलाई तेल किनिदिन गरेको सहानुभूतिप्रति पनि अप्रिय लाग्नु, मेलामा रोटेपिङ नखेल्नु आदि कुराले शान्तिको अचेतन तहलाई प्रकट गरेका छन् । शान्तिको अचेतन कति सङ्कुल छ भन्ने देखाउन मध्यरातमा अनिद्रित शान्ति एकाएक उठेर सविताको ओछ्यानमा पुग्नु र उसका पन्जा अनायास सविताको घाँटीमा पुग्ने घटना प्रस्तुत गरिएको छ ।

कथाको अन्त्यमा सविताद्वारा बुनिएको स्वेटरलाई एकाएक उधारेर आफ्नो अचेतनका कुण्ठित विचारलाई शान्तिद्वारा खोलिएको छ । यसप्रकार प्रस्तुत कथाका पात्रमा मनका चेतन र अचेतनका द्वन्द्वलाई विश्लेषण गर्दै अचेतनकै जित देखाइएको छ । मानिसका धेरैजसो क्रियाकलाप अचेतनबाटै परिचालित हुन्छन् र तिनमा मान्छेको नियन्त्रण रहँदैन भन्ने कुरालाई यहाँ पुष्टि गरिएको छ । यसरी हेर्दा के देखिन्छ भने शान्ति यस कथाकी विश्लेष्य पात्र हो । ऊ अन्तर्द्वन्द्वग्रस्त पात्र हो । सामान्यबाट असामान्यतर्फ लम्किएकी, जटिल मानसिकता भएकी, अन्तर्मुखी र विकृत पात्रका रूपमा ऊ चित्रित छे ।

## सविता पात्रको मनोविश्लेषण

'भिनाजुको स्वेटर' कथाकी दोस्रो पात्रका रूपमा सविता देखिएकी छे । शान्तिकी बहिनीका रूपमा प्रस्तुत गरिएकी सविता चञ्चल, अबोध र तरुनी अवस्थाकी छे । यस कथामा सविताको चरित्रचित्रणभन्दा पनि सविताका माध्यमबाट शान्तिको मनोजगत् उद्घाटन गर्ने उद्देश्य रहेको देखिन्छ तर सविताका हाउभाउ, रूप-रङ्ग र विभिन्न क्रियाकलापबाट उसको पनि मानसिक स्थिति स्पस्टिन पुगेको छ । कथाको प्रारम्भमा नै उसको उपस्थिति उफ्रिँदै गरेको, भिनाजुसँग सिनेमा हेर्न जान लागेको, दिदी निरस लागेको, भिनाजु असाध्यै जाति लागेको जस्ता सूक्ष्म पक्षहरूसँग सम्बन्धित छ जसले उसभित्र अन्जान रूपमा भिनाजुप्रति आकर्षण र दिदीप्रति विकर्षण भएको देखाइएको छ । सविताको मनमा पितृरति ग्रन्थि विकसित हुन पुगेको देखिन्छ । यस ग्रन्थिले स्वाभाविक रूपमा सवितालाई आफ्नी दिदी शान्तिभन्दा भिनाजुको नजिक पुऱ्याएको छ । बजारमा शान्ति अलमलिनु र सविता र गोपीनाथ एकातिर हुनु, पिङमा गोपीनाथ र सविता घुम्नु र अझ सविताले गोपीनाथलाई तल्लीनतासाथ दुःख गरेर सुइटर बुनिदिनुले सविताको भिनाजुप्रति तीव्र आकर्षण बढेको छ ।

कथामा सवितालाई राम्री देखाएर जीवनमूल प्रवृत्तिको बढ्दो रूप प्रस्तुत गरिएको छ र उसमा अबोधता हुनु, सिनेमा हेर्न रहर हुनु, पिङ खेल्ने इच्छा हुनु र पिङ खेल्नु, सुइटर बुन्नुजस्ता क्रियाकलापहरू निर्माणात्मक छन् र यिनले सवितामा जिजीविषा शक्तिलाई जागरण गरेका छन् । शान्तिमा जीवनशक्तिको ह्रास देखिन्छ भने सवितामा उदय देखिन्छ । सविता आफ्नो अचेतन तहमा सञ्चित हुँदै गरेका विपरीत लिङ्गीय आकर्षणलाई अन्जान र अबोध रूपमा आफ्ना हाउभाउ र क्रियाकलापमार्फत प्रकट गर्दछे । यसबाट पनि मानवीय जीवनमूलप्रवृत्ति र अचेतन तहको स्वाभाविक अभिव्यक्ति देख्न सकिन्छ । सविता सामान्य, बहिर्मुखी, अन्तर्द्वन्द्वरहित, सहज पात्रका रूपमा देखिएकी छे ।

## गोपीनाथ पात्रको मनोविश्लेषण

गोपीनाथ कथाको गौण पात्र हो तथापि उसबाट पनि मनका केही पक्षहरू उद्घाटित हुन पुगेका छन् । गोपीनाथ शान्तिको श्रीमान् र सविताको भिनाजु हो । यस कथामा उसको उपस्थिति तुलनात्मक रूपमा निष्क्रिय देखिन्छ तथापि उसका केही अभिव्यक्ति र क्रियाकलापले पुरुष मनलाई प्रकट गरेका छन् । कथाको सुरुमा नै सिनेमा हेर्ने प्रसङ्गमा आफ्नी श्रीमतीलाई सिनेमा हेर्न जाने प्रस्ताव नगरेर आफ्नी सालीलाई प्रस्ताव गर्नु, बजारमा शान्तिबाट छुट्टिएर सवितासँग जानु, पिङ खेल्ने सन्दर्भमा "भैगो, भैगो, रिङटा लागेको मान्छेलाई किन कर गर्ने" भनेर शान्तिलाई बेवास्ता गर्नु र साली सबितासँग पिङ खेल्नु जस्ता कुराले उसमा रहेको मातृरति ग्रन्थिलाई देखाउँछ । शान्तिले आफूले पतिलाई रिझाउन नसकेको कुरा व्यक्त गरेकाले गोपीनाथ आफ्नी पत्नीबाट असन्तुष्ट रहेको समेत देखाउँछ । यसै कारणले ऊ आफ्नी श्रीमतीभन्दा पनि सविताप्रति आकर्षित र विशेष सचेत देखिन्छ । यसलाई बजारमा शान्ति हराउनुले पनि पुष्टि गर्दछ । यद्यपि गोपीनाथलाई यस कथामा शान्ति र सविताकै द्वन्द्वको अभिव्यक्तिको तटस्थ कारणका रूपमा देखाउन खोजिएको छ । यति हुँदाहुँदै पनि गोपीनाथको असन्तुष्ट पतित्व र उसमा अन्य नारीप्रतिको आकर्षण व्यक्त हुन पुगेको छ । उसले श्रीमती शान्तिलाई पूर्णतः बेवास्ता गरेको र सविताप्रति सामाजिक मर्यादा उल्लङ्घन हुने गरी आसक्ति देखाएको छैन । उसको 'पर्सोना' ले सचेत रूपमा काम गरेको छ तथापि उसको इदम्मा रहेका अनेक पक्षहरू विशेष गरेर वासनात्मक चाहनाहरू सवितासँगको साहचर्यबाट व्यञ्जित भएका छन् । गोपीनाथ परिपक्व, अन्तर्द्वन्द्वरहित, सहज पात्रका रूपमा देखिएको छ ।

## निष्कर्ष

कथाकार पोषण पाण्डेद्वारा लिखित *'भिनाजुको स्वेटर'* कथा पात्रका मनोजगत्लाई उद्घाटन गर्न र त्यसबाट मानवीय व्यवहारमा पर्ने असरलाई देखाउन सक्षम छ । सीमित पात्रका माध्यमद्वारा प्रस्तुत गरिएको यस कथामा सामाजिक सम्बन्धका माध्यमबाट व्यक्तिमा देखिने मनोरचना र त्यसबाट अभिव्यक्त हुने वैयक्तिक क्रियाकलापलाई राम्ररी चित्रण गरिएको छ । सामान्य घटनाको सिर्जनाद्वारा व्यक्तिमा देखिने जीवनमूलप्रवृत्ति, मृत्युमूलप्रवृत्ति, हीनत्व आदि पक्षलाई यस कथामा देखाइएको छ । दिदी-बहिनीमा हुने सहजात विकर्षण अर्थात् ओडिपस र इलेक्ट्रा ग्रन्थिलाई पनि यहाँ सामान्य रूपमा देखाइएको छ । सविताले भिनाजुलाई स्विटर बुन्नु र भिनाजुप्रति स्वाभाविक आकर्षण पनि मनोग्रन्थिकै अभिव्यक्ति हो । यस कथामा मुख्यतः शान्तिको मनोअवस्थालाई देखाउनु नै प्रमुख लक्ष्य रहेको छ । आफ्नो एकलौटी लोग्नेसँग आफ्नै बहिनीको सामान्य सान्निध्यले पनि यत्रो प्रभाव पार्दछ र मनोजगत्मा हलचल मचाउँछ भन्ने कुरा यहाँ देखाइएको छ । चेतनमनले नियन्त्रण गर्न खोज्दा र गरेका व्यवहारले शान्तिको अचेतनको हलचललाई व्यक्त गर्दछ । अनायासै रूपमा शान्ति सविताप्रति असहिष्णु देखिन्छे र सविताको शान्त, सौम्य र सुन्दर मनोरचनाका प्रतिबिम्बनरूप स्विटरलाई च्यातेर आफ्नो अचेतनलाई प्रकट गर्दछे साथै सविताको मनलाई बिथोलिदिन्छे । यसरी छोटो आख्यान संरचना र सीमित पात्रका माध्यमबाट यहाँ मानवीय मनोरचनाको सुन्दर चित्रण गरिएको छ ।

**सन्दर्भसामग्री सूची**

कोलमेन, एन्ड्रयु एम्. (इ. २००५), *अक्सफोर्ड डिक्सनरी अफ साइकोलोजी,* इन्डियन एडिनसन्, नोएडा : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

गुरिन, विल्फ्रेड एल्. र अन्य (इ. १९९९), *ए हेन्डबुक अफ क्रिटिकल एप्रोचेस टु लिटरेचर,* चौथो सं., न्यू योर्क : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

पाण्डे, पोषण (२०५०), *आँखीझ्याल (चौथो संस्क.),* काठमाडौँ : साझा प्रकाशन ।

पाण्डेय, रामप्रसाद (इ. १९६५), *सामान्य मनोविज्ञान,* (एघारौं संस्क.), मुजफ्फरपुर : श्रीमती सिद्धेश्वरी देवी ।

भण्डारी, कृष्णप्रसाद (२०५६), *फ्रायड र मनोविश्लेषण,* काठमाडौँ : साझा प्रकाशन ।

हल, क्याल्भिन (इ. १९७९), *थ्री एसेज अन द थ्योरी अफ सेक्सुअलिटी,* पच्चीसौं संस्क., अमेरिका : अ मेन्टर बुक ।